# इनरुवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

इनरुवा सुनसरी
कोशी प्रदेश, नेपाल
शिक्षा,युवा तथा खेलकुद शाखा

प.सं:०८२/८३
च.न०ः

सूचना प्रकाशन मितिः २०८३/०२/०७

**विषयः कक्षा ११ मा छात्रावृत्तिका लागी आवेदन फाराम भर्ने सम्बन्धी सूचना !**

इनरुवा नगरपालिका भित्र सञ्चालित कक्षा ११ अध्यापन हुने संस्थागत विद्यालयमा शैक्षिक सत्र २०८३ का लागि छात्रावृत्तिमा विद्यार्थी छनौट गर्न सञ्चालन हुने परीक्षाका लागी मिति २०८२ साल चैत्रमा सञ्चालित SEE परीक्षामा सहभागी भएका विद्यार्थीहरुले मिति २०८३ जेष्ठ १४ गते सम्म तपसिल बमोजिम नियमहरु अध्ययन गरी यस इनरुवा नगरपालिकाको वेवसाइट www.inaruwamun.gov.np राखिएको छात्रावृत्ति फाराम डाउनलोड गरी उक्त फाराममा भएका विवरण भरी पेस गर्न यो सूचना प्रकाशन गरिएको छ ।

१ **परीक्षाको किसिमः** छात्रावृत्ति छनौटका लागी हुने लिखित परीक्षा १०० पूर्णाङ्कको हुनेछ ।
२. **पाठ्यक्रम** :- माध्यमिक तह कक्षा ९ र १० को पाठ्यक्रमको परिधी भित्र रही वहुवैकल्पीक उत्तरात्मक प्रश्न तयार गरी परीक्षा सञ्चालन गरिने छ । जसमा २५ प्रतिशत अंग्रेजी, २५ प्रतिशत गणित, २५ प्रतिशत नेपाली र २५ प्रतिशत विज्ञान विषय क्षेत्रवाट प्रश्न सोधिने छ ।
३. **उत्तिर्णाङ्क**, ४० हुनेछ ।
४. तोकिएको कोटा भित्र तोकिएको भन्दा कम वा कोटा अनुसारकै मात्र आवेदन परेमा आवेदकहरुलाई स्वतः छनौट भएको मानिने छ ।
५. **आरक्षण सम्बन्धी व्यवस्थाः** जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, जनजाति, मधेशी,थारु,मुस्लिम र दलित परिवारका सन्ततिहरुले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई देहाय अनुसार व्यवस्थित गरिने छ ।

क) कक्षा ११ को छात्रावृत्ति छनौटका लागी परीक्षा लिएर विद्यार्थी छनौट गरी प्रदान गर्ने कुल दश प्रतिशत छात्रवृत्तिलाई शत प्रतिशत मानी देहायको आधारमा कोटा आरक्षित गरिने छ
१. खुलाः-५५ प्रतिशत
२. आरक्षणः ४५ प्रतिशत आरक्षणको ४५ प्रतिशतलाई शत प्रतिशत मानी देहाय अनुसार कोटा निर्धारण गर्नुपर्ने छ :
१. महिला- ३३ %
२. विपन्नता- ६%
३. जनजाति/आदिवासि - ३५%
४. मधेशी ५%

डिल्लीराज निरौला
उप-सचिव

६.मुस्लिम-५%
७ .अपाङ्गता -४%
८. थारु – ६%

ख (माथी उल्लेखित आरक्षणहरु मध्ये एक विद्यार्थीले कुनै एक आरक्षण समुहवाट मात्र आवेदन दिन पाइने छ ।

६ छात्रवृत्ति छनौट परीक्षाबाट छनौट भएपछि मात्र विद्यार्थीले प्राथमिकताका आधारमा अध्ययन गर्न चाहने विद्यालयहरूको नाम तोकी शाखामा पेस गर्नुपर्ने छ ।

७ .जेहन्दार कोटाका लागी SEE परीक्षामा कम्तिमा GPA-२.४ वा सो भन्दा माथि अंक प्राप्त गरेको हुनुपर्ने तर अक्षरांक पद्धती लागु हुनुपुर्व SLC परीक्षामा GPA-२.० प्राप्त गरेको हुनुपर्ने छ । जसका लागी SEE/SLC ग्रेड सिट समावेस गर्नुपर्ने छ ।

८ .छात्रावृत्ति परीक्षामा सामेल भएका विद्यार्थीहरुले समान अंक प्राप्त गरेमा एस.ई.ई .परीक्षाको ग्रेड सीटमा उल्लेखित उच्च GPAका आधारमा योग्यताक्रम निर्धारण गरिने छ ।

९ .तोकिएको कोटा भन्दा बढी संख्यामा उत्तिर्ण हुने विद्यार्थीहरुलाई सम्बन्धित समुहको वैकल्पिक सूचीमा सूचीकृत गरिने छ ।

१० .अपाङ्गता भएको विद्यार्थीको हकमा जिल्ला प्रसासन कार्यालयबाट प्रामणित कागजात वा सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र,अनिवार्य हुनेछ ।

११ .जनजाति /आदिवासिका हकमा नेपाल आदिवासि/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोहि सूचीको आधारमा र सो ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सूचीकृत जातिभित्र को थर हो भनी प्रमाणित गराएको कागजात ।

१२ दलित विद्यार्थीको हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो आयोगबाट सूचीकृत भएको एक भन्दा बढी थरहरु भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सूचीकृत जातिभित्र को थर हो भनी प्रमाणित गराएको कागजात पत्रको प्रतिलिपी अनिवार्य हुनेछ ।

१३ .गरिव तथा विपन्न कोटामा आवेदन दिनका लागी सम्बन्धित विद्यार्थीको स्थायी ठेगाना रहेको स्थानीय तहको सम्बन्धित वडावाट विपन्न परिवारको सदस्य भएको सिफारिस अनिवार्य हुनेछ ।

१४.मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट मधेशी भनि प्रमाणित गराएको कागजात ।

१५. थारूको हकमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट थारु भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट थारु भनि प्रमाणित गराएको कागजात ।

१६. मुस्लिमको हकमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मुस्लिम भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट मुस्लिम भनि प्रमाणित गराएको कागजात

१७ .तोकिएको आरक्षण कोटामा विद्यार्थी उत्तिर्ण नभएमा उक्त कोटा खुलामा गणना हुनेछ ।

डिल्लीराम निरौला
उप-सचिव

CamScanner

१८ .भर्ना सम्बन्धी व्यवस्थाः कक्षा ११ का लागि छात्रवृत्तिमा छनौट भइ सिफारिस भएका विद्यार्थी भर्नाका लागि देहाय बमोजिमको व्यवस्था कार्यान्वयन गर्नुपर्ने छ ।

१९. कक्षा ११ को छात्रावृत्तिका लागि सिफारिस भएका विद्यार्थीहरुले ७ दिन भित्र अनिवार्य रुपमा सम्बन्धित विद्यालयमा भर्ना भइसक्नु पर्नेछ । तोकिएको समय भित्र सिफारिस भई आएका विद्यार्थीहरूलाई विद्यालयले समय सीमा भित्र भर्ना गरी भर्नाको म्याद समाप्त भएको मितिले ३ दिन भित्र भर्ना भएका विद्यार्थीहरुको समुहगत विवरण सहितको नामनामेसी विवरण शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्नु पर्नेछ ।

२०. सिफारिस भई आएका सबै समुहका विद्यार्थीहरु भर्ना नभएमा सम्वन्धित समुहको वैकल्पि सूचीमा सूचीकृत विद्यार्थीहरुलाई योग्यताक्रमका आधारमा भर्नाका लागी शिक्षा, युवा तथा खेलकुद शाखाबाट सिफारिस गरिने छ ।

वैकल्पिक सूचीमा सूचीकृत समूहबाट सिफारिस भएका विद्यार्थीहरुले सिफारिस भएको मितिले ३ दिन भित्र विद्यालयमा भर्ना भइसक्नु पर्नेछ ।

२१. जिम्मेवारी सम्बन्धी व्यवस्थाः छात्रावृत्तिको व्यवस्थापनका लागी बैठक बोलाउने, कोटा निर्धारण गर्ने, परीक्षा संचालन गर्ने, नतिजा प्रकाशन तथा सिफारिस लगाएतका काम समयमै सम्पन्न गर्नका लागि इनरुवा नगरपालिकाको हकमा शिक्षा, युवा तथा खेलकुद शाखा र विद्यालयको हकमा सम्वन्धित विद्यालय जिम्वेवार रहने छ ।

२२. पुनरावेदन सम्बन्धी व्यवस्थाः छात्रवृत्ति सिफारिस सम्बन्धी चित्त नवुझेमा सम्वन्धित विद्यार्थी वा निजको अभिभावकले नतिजा प्रकाशन भएको मितिले तीन दिन भित्र इनरुवा नगरपालिका नगर शिक्षा समिति समक्ष पुनरावेदन दिन सकिने छ ।

२३. शुल्क फिर्ता सम्बन्धमाः सिफारिस हुनुपुर्व विद्यालयमा विद्यार्थी भर्ना भएको भए विद्यालयले उक्त विद्यार्थीको भर्ना शुल्क फिर्ता गर्नुपर्ने छ ।

पुनश्चः- परीक्षाको मिति अर्को सूचनामा तय गरिने छ ।

डिल्लीराज निरौला
उप-सचिव

CamScanner

इनरुवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इनरुवा, सुनसरी

**कक्षा-११ को छात्रवृत्ति छनौट परीक्षाको लागि आवेदन फाराम-२०८१**

हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साइजको फोटो

**क. परीक्षार्थीको व्यक्तिगत विवरण:**

| | | | | |
|---|---|---|---|---|
| परीक्षार्थीको | नाम, थर | नेपालीमा: | | लिङ्ग |
| | | अङ्ग्रेजीमा (ठूलो अक्षर): | | |
| | नागरिकता वा जन्मदर्ता प्र.प्र.नं.: | | जारी गर्ने: | जारी मिति |
| स्थायी ठेगाना | जिल्ला: | | स्थानीय तह: | वडा नं.: |
| | टोल: | | सम्पर्क नं.: | |
| इमेल ठेगाना: | | | पत्राचार गर्ने ठेगाना: | |
| बाबुको नाम,थर: | | | आमाको नाम,थर: | |
| बाजेको नाम,थर: | | | परीक्षार्थीको जन्ममिति: | |

**ख. शैक्षिक योग्यता:**

| SEE परीक्षा उत्तीर्ण गरेको विद्यालयको नाम र ठेगाना | उत्तीर्ण गरेको साल | GPA | अध्ययन गरेको ऐच्छिक विषय |
|---|---|---|---|
| | | | |

ग. **छात्रवृत्तिमा पढन चाहने विषय:** पाठ्यक्रममा उल्लेखित विज्ञान, व्यवस्थापन, मानविकी, शिक्षा, कानुन र होटल मेनेजमेन्ट विषय समूहमध्ये आफूले पढन चाहेको कुनै एक विषय समूह लेख्नुहोस्। ..............................................................

घ. **छात्रवृत्तिमा परीक्षा दिन चाहेको समूह:** निम्नमध्ये आफूले छात्रवृत्तिमा परीक्षा दिन चाहेको (खुला समूहसहित) कुनै दुई समूहको कोठामा ठीक (√) चिन्ह लगाउनुहोस्।

( ) खुला ( ) महिला ( ) विपन्न ( ) आदिवासी/जनजाति ( ) अपाङ्ग
( ) दलित ( ) मधेसी ( ) सीमान्तकृत

ङ. यस आवेदन फाराममा उल्लेख गरेका सम्पूर्ण विवरण सत्य छन्। परीक्षार्थीका लागि दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ती शर्तहरु पालना गर्न मञ्जुर छु। लेखिएको विवरण झुठा ठहरिएमा कानूनबमोजिम सहुँला बुझाउँला।

| ल्याप्चे सहिछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**पेश गर्नुपर्ने कागजातका क्रमहरु:**

१. आवेदन फाराम, शिक्षण संस्थाको प्राथमिकताक्रम र प्रवेश पत्र
२. एस.ई.ई. को प्रवेशपत्रको प्रतिलिपि
३. एस.ई.ई. को ग्रेडसिटको प्रतिलिपि
४. समावेशीसम्बन्धी आवश्यक थप कागजातको प्रतिलिपि

**परीक्षार्थीको दस्तखत:**

**नोट:** आवेदन फारामसाथ संलग्न कागजातहरु परीक्षार्थी स्वयमले प्रमाणित गरेर पेश गर्नुपर्ने कागजातहरुको क्रममा उल्लेखित क्रमसङ्ख्या अनुसार नत्थी गरेको हुनुपर्नेछ।

---

**आवेदन सङ्कलन गर्ने कर्मचारीले भर्ने:**

१) परीक्षार्थीको रोल नम्बर: .............................................. २) परीक्षा दिने विषय समूह : ..............................

कर्मचारीको नाम, थर: .............................................. दस्तखत र मिति: ..............................

CamScanner

डिल्लीराज निरौला
उप-सचिव

**इनरुवा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**इनरुवा, सुनसरी**

**कक्षा -११ को छात्रावृत्ति छनौट परीक्षाको लागि प्राथमिकता छनौट फाराम-२०८३**

**परीक्षार्थीले भर्नुपर्ने**

**क) परीक्षार्थीको नाम, थर**

**ख) छात्रवृत्तिमा पढ्न चाहेको विषय समुह**

ग) शिक्षण संस्थाको प्राथमिकताक्रमः पहिलो पढ्न चाहेको विद्यालयलाई १ र त्यसपछिकोलाई क्रमशः २,३,४,........लेख्नुहोला ।

| क्र.सं. | विद्यालयको नाम | उल्लेखित विषय समुह (देहायक विद्यालयमा तल उल्लेखित विषय समुह अध्यापन हुने हुँदा आफुले अध्ययन गर्ने कुनै एक विषय समुहमा मात्र ठिक ( ) चिन्ह लगाउनु होस् ।) | | | कैफियत |
|---|---|---|---|---|---|
| १ | सरस्वति ज्ञानकुञ्ज स्कुल- इनरुवा ३ | | Management | | |
| २ | स्मल हेवन एकेडमी इनरुवा-३ | Science | Management | | |
| ३ | नवयुग एकेडेमी इनरुवा - ५ | | Management | | |
| ४ | सुर्य किरण एकेडेमी इनरुवा ५ | | Management | Education | |
| ५ | प्रिसियस एकेडेमी इनरुवा -१ | Science | Management | | |

CamScanner

इनरुवा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

इनरुवा, सुनसरी

हालसालै खिचिएको दुवै कानसहित मुखाकृति स्पष्ट देखिने रङ्गीन पासपोर्ट साइजको फोटो

दिलीराज निरौला
उप-सचिव

## कक्षा-११ को छात्रवृत्ति छनौट परीक्षा-२०८३ प्रवेशपत्र

**परीक्षार्थीले भर्नुपर्ने:**

क. परीक्षार्थीको नाम, थर: ..............................

ख. छात्रवृत्तिमा पढ्न चाहेको विषय समूह: ..............................

ग. परीक्षार्थीको दस्तखत: ..............................

**कार्यालयको सम्बन्धित कर्मचारीले भर्ने:**

यस कार्यालयबाट तोकिएको मिति र परीक्षा केन्द्रमा सम्मिलित हुन अनुमति दिइएको छ। छात्रवृत्ति छनौट परीक्षामा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै समयमा पनि यो प्रवेशपत्र रद्द हुनेछ।

| रोल नं. : | विषय समूह: |
|---|---|

कर्मचारीको दस्तखत: ..............................

---

**परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरु**

१. परीक्षार्थी परीक्षा भवनमा परीक्षा दिन आउँदा प्रवेशपत्र अनिवार्य ल्याउनुपर्नेछ। प्रवेशपत्र विना परीक्षामा सामेल गराइने छैन।

२. उत्तरपुस्तिकामा नाम, रोल नम्बर आदि विवरण लेख्दा उत्तरपुस्तिकामा उल्लेखित निर्देशनबमोजिम लेख्नुपर्ने छ।

३. कार्यालयले तोकेको परीक्षा मितिमा सामेल हुन नसक्ने परीक्षार्थीहरुका लागि अन्य व्यवस्था हुनेछैन।

४. परीक्षा केन्द्रसम्बन्धी जानकारी कार्यालयको वेब साइट www.inaruwamun.gov.np मा पछि प्रकाशन भएपछि प्राप्त गर्न सकिने छ।

५. कक्षा-९ र १० को नेपाली, अङ्ग्रेजी, विज्ञान र गणित विषयबाट २५/२५ का दरले जम्मा १०० वटा वस्तुगत (बहुवैकल्पिक) प्रश्न सोधिने हुँदा निर्देशनअनुसार सहि उत्तर छनौट गर्नुपर्ने छ।

६. परीक्षामा कालोमसी भएको पेन प्रयोग गर्नुपर्ने छ। परीक्षामा सिसाकलम वा पेन्सिलको प्रयोग गर्न पाइने छैन। प्रयोग गरेको पाइएमा परीक्षा रद्द हुनेछ।

७. परीक्षा शुरु हुनुभन्दा ३० मिनेट अगाडी परीक्षा हलभित्र प्रवेश गर्नु पर्नेछ। परीक्षा शुरु भएको २० मिनेट पछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गराइने छैन।

८. परीक्षा हलमा मोबाइल, क्यालकुलेटर, आइप्याड, ट्याबलेट, किताब, गेस पेपर, कापी, कागज, चिट, आदि लैजान पाइने छैन।

CamScanner